
Din Bahadur Thapa *Pragnya Sarathi* *Vol.* 24, 2026, pp.147-156

Publisher: TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438




**Article information**

Received: 8 March 2026
Review: 10 March to 30 March 2026
Revision 1 April to 8 April 2026
Accept: 9 April 2026
Published: 15 April, 2026
DOI: https://doi.org/10.3126/ps.v24i1.92774
Available: www.nepjol.info/index.php/ps

# वीरशाली पन्त : व्यक्तित्व र कृतित्व

**दिनबहादुर थापा**
धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
**Email:** din21036@gmail.com

## लेखसार

वीरशाली पन्त नेपाली कविताको इतिहासमा प्राथमिक कालको उत्तरार्ध चरणअन्तर्गत कृष्णभक्ति धाराका कवि हुन् । उनले 'वाणोपनिषद्', 'विमलबोधानुभव', 'गोपिका स्तुति', 'द्रौपदी विलाप', 'कृष्ण चरित्र', 'सरस प्रेमावली' लगायतका कृतिहरू लेखेका छन् भनिन्छ । तर पन्त को हुन् ? र उनका कृतिहरू केकस्तो अवस्थामा रहेका छन् भन्ने तथ्यपरक प्रमाणहरू भने भेटिएका छैनन् । यही समस्यालाई अध्ययनको मूल उद्देश्य बनाइएको छ । पन्तका विषयमा बाबुराम आचार्य, वीरेन्द्रकेशरी, कमल दीक्षित, सूर्यविक्रम, राजाराम, शास्त्रदत्त, बालकृष्ण, काजीरोशन, प्रेम छोटालगायतका धेरै अध्यताले सामान्य परिचय दिएका छन् । तर उनी र उनका कृतिहरूका विषयमा तथ्यपरक खोजी भएको छैन । तसर्थ क्षेत्रीय र पुस्तकालयीय दुवै अध्ययन विधिमा आधारित भई वर्णनात्मक र विश्लेषणात्मक शैलीको उपयोग गरी यो लेख तयार गरिएको हो । नेपाली काव्यको इतिहासमा सुरुदेखि वि.सं. १९४० सम्मको अवधिलाई प्राथमिक काल र यसअन्तर्गत पनि पूर्वार्ध चरणलाई वीरधारा तथा उत्तरार्ध चरणलाई भक्तिधाराका नामले चिनिन्छ । वीरशाली पन्त यही भक्तिधाराको पनि कृष्णभक्ति धाराका कवि हुन् भन्ने मान्यता रहेको छ । यही मान्यताका आधारमा वीरशाली पन्त बागलुङको ढिकीचौर निवासी आध्यात्मिक व्यक्तित्व हुन् भन्ने अवधारणालाई यहाँ पुष्टि गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा वीरशाली पन्त धवलागिरि क्षेत्रका अग्रज कवि तथा पण्डित हुन्; उनी बालब्रह्मचारी थिए; कार्कीकोटको अम्वल (गुठी) खेत भोगचलन गर्थे; आफ्नो पुर्ख्यौली सम्पत्तिको स्वामित्व काकालाई हस्तान्तरण गरी उनले जीवनको उत्तरार्द्ध चरण भारतको वृन्दावनमा व्यतीत गरे भन्ने तथ्य प्राप्त भएको छ । तसर्थ यस लेखमा वीरशाली पन्त बागलुङको धर्तीमा जन्मिएका कर्मठ साहित्यानुरागी ऐतिहासिक व्यक्तित्व हुन् भन्ने निष्कर्ष रहेको छ । प्रस्तुत अध्ययनले यस क्षेत्रको ऐतिहासिक तथ्यपरक अध्ययनमा मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

***शब्दकुञ्जी :*** कुर्माञ्चली, विद्वत्प्रिय, विद्वान्विदुषी, विमलबोधानुभव, वैष्णव ।

*Copyright 2026 © The Author(s): This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/*

## विषयपरिचय

धवलागिरि क्षेत्र आफैँमा विशिष्ट पहिचान र अनेकौँ सम्भावना बोकेको भूगोल हो । यहाँको भाषा-साहित्य-संस्कृतिको मर्म, गौरवशाली इतिहासको महिमा, स्वायत्त पर्वत राज्य सञ्चालन प्रणाली, विद्वान्विदुषीहरूको सत्कर्म तथा कुशल राज्य सञ्चालकहरूको योगदानको इतिहास खोज्न र लेख्न अझै बाँकी छ । विगतको इतिहास नकोट्याउँदासम्म वर्तमानले पूर्णता पाउँदैन र भविष्यको दिशाबोध हुन सक्दैन । यस क्षेत्रको वास्तविक इतिहास कोट्याउन विद्वत्प्रिय राजा मलेबम र कीर्तिबम मल्ल तथा विद्वान् पण्डित प्रेमनिधि पन्त र वीरशाली पन्तको बौद्धिक क्षमताको मापन गर्न सक्नुपर्दछ । यहाँ वीरशाली पन्तका विषयमा मात्र सङ्क्षिप्त चर्चा गरिएको छ ।

नेपाली साहित्यको इतिहासमा प्राथमिककालीन साहित्यकारहरूमा प्रेमनिधि पन्त, उमापति, रमापति, हरिराम पन्त, शिवराम पन्त, धरणीधर पन्त, भवदत्त, रुद्रदत्त, भवदत्त (दोस्रो), व्यासदत्त, श्रीदत्त, ज्वालादत्त, सुकृतिदत्त, देवीदत्त, वीरशाली पन्त आदिको नाम आउँछ (प्रपन्नाचार्य, २०५१; थापा, २०८०) । यी सबै बागलुङको धर्तीले जन्माएका कवि हुन् । यिनीहरू को थिए र नेपाली साहित्यमा केकति योगदान पुऱ्याएका थिए भन्ने विषयको खोजी हुनै बाँकी छ । तत्कालीन पर्वत राज्यका राजा मलेबमले प्रेमनिधि पन्तलाई आफ्नो दरबारमा राखेर *‘प्रायश्चित्त प्रदीप’, ‘भक्तितरङ्गिणी’, ‘काम्यदीपदान पद्धति’, ‘घृतदान पद्धति’, ‘श्राद्धकर्म पद्धति’, ‘कुमारीशक्ति’* लगायत दुई दर्जनभन्दा बढी पुस्तकहरू लेख्ने प्रबन्ध मिलाएका थिए (थापा, २०६५, पृ. ७) । यी ग्रन्थहरूमा राजाको वंशावली, शासकको स्तुतिगान, भजनकीर्तन, कर्मकाण्ड र दानदातव्य विधिपद्धतिका विषयमा चर्चा गरिएको छ ।

नेपाली साहित्यको पहिलो टीका मानिने *‘प्रायश्चित्त प्रदीप’* (१७८०) हाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ । यसमा श्राद्धकर्मपद्धति र दानप्रथालाई विषयवस्तु बनाइएको छ । संस्कृत भाषामा लेखिएको *‘मल्लादर्श’* पनि उनै प्रेमनिधि पन्तले लेखेका हुन् । यसमा मल्लहरूको इतिहासको वर्णन गर्दै श्लोक तीनमा प्रेमनिधि पन्त आफैँले आफ्ना बारेमा आफू कुमाउ निवासी पन्थ कुलका (प्रेमनिधीतिपंथकुलभूःकुर्माचलोजन्मभूः) बाबु उमापति र आमा उद्योतमतिका पुत्र भएको र कृतिको रचना समय शक संवत् १६४८ (तेनाष्टाब्धिषडिन्दुशाक) भएको समेत उल्लेख गरेका छन् (थापा, २०६६, पृ.७) । स्वामी प्रपन्नाचार्य (२०५१) द्वारा सम्पादित सुकीर्तिदत्त पन्तको *‘कार्तोवियोदय’* महाकाव्यको भूमिकामा आफैँ प्रपन्नाचार्यले राजा मलेबमलाई ‘विद्वत्प्रिय, धर्मात्मा, दानी, न्यायकारी विद्वान् राजा थिए’ भन्दै उहिलेको पर्वत र बागलुङलाई अपरकाशीको संज्ञा दिएका छन् (पृ.३४) । उनै मलेबमसँग प्रेमनिधि पन्तको सम्बन्ध जोडिएको छ । उही पर्वत राज्यका अन्तिम राज कीर्तिबम मल्लसँग वीरशाली पन्तको सम्बन्ध जोडिएको छ । यही पृष्ठभूमिमा वीरशाली पन्तले बागलुङको ढिकीचौरमा जन्मेर नेपाली साहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याएका हुन् । बागलुङमा जन्मे पनि उनको साहित्यिक कर्मभूमि र अन्तिम देहावसान भने भारतको वृन्दावनतिरै भएको थियो ।

## पूर्वकार्यको समीक्षा

वीरशाली पन्तका कृतिहरूका बारेमा धेरै समीक्षकले चर्चा गरेका छन् । वीरशाली पन्तका कृतिहरूको समीक्षा गर्ने सन्दर्भमा बालकृष्ण पोखरेल (२०२०) ले *‘विमलबोधानुभव’* र बाबुराम आचार्य (२०२९) ले पन्तको *‘श्रीकृष्ण चरित्र’* काव्यलाई प्रकाशमा ल्याएका हुन् । पोखरेलले पन्तका कवितामा जीव, देह, संसार, परमात्मा आदिका विषयमा चर्चा भएको र उनको भाषाशैली पतञ्जलि गजुऱ्यालको काव्यसँग मिल्दोजुल्दो रहेको तर्क राखेका छन् । दयाराम श्रेष्ठ (२०३८) को भनाइअनुसार पन्तले *‘श्रीकृष्णचरित्र’, ‘सिद्धान्तविनय’, ‘सरसप्रेमावली’, ‘विमलबोधानुभव’* लगायतका काव्यकृतिहरू लेखे पनि हालमा उनको *‘विमलबोधानुभव’* मात्र फेलापरेको र उनका कृतिमा कृष्ण/वैष्णव भक्तिभाव, संस्कृत काव्यशैलीको प्रभाव, घुमाउरा वाक्य र क्लिष्ट शब्दको प्रयोग गर्ने क्षमता रहेको तर्क राखेका छन् । श्रेष्ठ (२०३८) ले बालकृष्ण पोखरेल (२०२०) को सन्दर्भ सङ्केत उल्लेख गर्दै शिखरिणी छन्दमा साढे अठासी श्लोकमा लेखिएको हस्तलिखित ग्रन्थ *‘विमलबोधानुभव’* वीरशाली पन्तको मौलिक कृति भएको र यसको पाण्डुलिपि मदन पुरस्कार पुस्तकालयमा सुरक्षित छ भनेका छन् । तर हालमा मदन पुरस्कार

पुस्तकालयमा सम्पर्क गर्दा यसको पाण्डुलिपि फेला पर्दैन । मोहनबहादुर मल्ल र विदुर खड्का (२०३४) को भनाइलाई उद्धृत गर्दै श्रेष्ठ (२०३८, पृ. २१६) ले वीरशाली पन्त बागलुङ निवासी मेघराज पन्तका जिबाबु र प्रेमनिधि पन्तका भतिज वा नाति थिए भन्ने सन्दर्भलाई उल्लेख गरेका छन् । तर यो भनाइ पन्तको वंशावली र अन्य तथ्यप्रमाणसँग मेल खाँदैन ।

काजी रोशन (२०३४) ले *'कृष्ण चरित्र'* महाकाव्य ६ हजार श्लोक संस्कृतमा र ६ हजार श्लोक नेपाली भाषामा लेखिएको र उक्त कृतिको एक तृतीयांश बालकृष्ण समसँग, एक तृतीयांश ढुण्डिराज शर्मा (गुल्मी) सँग र एक तृतीयांश उदयराज पन्तसँग रहेको तर्क प्रस्तुत गरेका छन् (पृ. ९०) । तर यो महाकाव्यका पाण्डुलिपि कतै पनि हालसम्म भेटिएको प्रमाण पाइँदैन । मोहनराज शर्मा र दयाराम श्रेष्ठ (२०४६) ले *'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास'* मा वीरशाली पन्तलाई पूर्वमध्यकाल वा भक्तिकाल (१८७३-१९३९) का कविका रुपमा चिनाएका छन् । शर्मा र श्रेष्ठका अनुसार वीरशाली पन्तको जन्म वि.सं. १९६० तिर बागलुङमा भएको र पछि उनी मथुरा वृन्दावनमा वैष्णवहरूको सङ्गतमा रहेको बताइन्छ । उनीहरूका अनुसार पन्तको भनिएको *'श्रीकृष्णचरित्र'* हालसम्म पनि फेला नपरेको र हालै साढे अठासी श्लोकको *'विमलबोधानुभव'* र ७४२ श्लोकको *'सरस प्रेमावली'* (भक्तिकाव्य) मात्रै फेला परेको दावी गरेका छन् (शर्मा र श्रेष्ठ, २०४६, पृ. ३९) । प्राप्त यी कृतिहरू पनि उनै पन्तका हुन् भन्ने ठोस आधार भने कहीँ/केहीँ पाइँदैन ।

स्वामी प्रपन्नाचार्य (२०५१) ले वीरशाली पन्तलाई परम वैष्णव विद्वत्प्रवरको विशेषण दिँदै उनी (पन्त) नेपाली जगत्मा यशस्वी विद्वान् तथा योगी भएको र उनको जन्म बागलुङको मूलपानी गैरीगाउँमा भएको थियो (पृ. ३५) भनेका छन् । स्वामीका अनुसार पन्त बागलुङमा जन्मे पनि उनले वृन्दावनलाई कर्मक्षेत्र बनाएर *'ब्रह्मत्त्वमीमांस'* र *'भक्तिस्वरूपम्', 'स्वरूपसिद्धान्तमुक्तावली'* शीर्षकका तीनओटा ग्रन्थ वृन्दावन कलाधारीका बगैँचामा पण्डित रेवतीरमण खुलालसँग रहेको भन्नेसम्म उनले सुनेको तर खुलाललाई आफूले भेट्न नपाएको सन्दर्भ उल्लेख गरेका छन् (प्रपन्नाचार्य, २०५१, पृ. ३७) । अन्य *'द्रौपदीविलाप', 'कृष्णचरित्र'* तथा *'विमलबोधानुभव'* आदि ग्रन्थहरूलाई पनि उनी आफैँ आँखाले साक्षात्कार गर्न नपाएको बताउँछन् । यी भनाइबाट पनि पन्तका मौलिक पाण्डुलिपिहरू कहाँ छन् भन्ने तथ्य भेटिदैन ।

कमल दीक्षित (२०५०) ले वीरशाली पन्तको *'विमलबोधानुभव'* काव्यको केही अंश (पाँच श्लोक) लाई 'बुइँगल' मा सङ्कलन गरेका छन् (पृ. २९) । यही बुइँगलबाट गोपालप्रसाद भण्डारी (२०५३) ले साभार गरी *'देख्ने र देखिने'* शीर्षकको कविता आफ्नो कृतिमा प्रस्तुत गरेका छन् । यसमा भनिएको छ :

मनः प्राणज्ञानेन्द्रिय सकल कर्मेन्द्रिय तनू
निजात्मा सत्ताले जड इ सव चैतन्य झँजि छन् ॥
यही वोध बूझीन्या अति विमल वोधानुभव यो
बनाहूँदामा श्री हरिचरण मात्रै शरण छन् ॥१॥
……
द्यखीन्याले देख्नाकन पनि सकिन्न द्यखन्यालाई,
आफू देखन्या हूँ कि द्यखिन्य आफु हूँ भ्रांति जव गो ॥५॥ (भण्डारी, २०५३, पृ. ४०५)

यी पद्यांशमा *'विमलबोधानुभव'* काव्यको ज्ञानेन्द्रिय र कर्मेन्द्रियबाट जड र चेतनको बोध हुन्छ भन्ने मूल भावलाई प्रस्तुत गरिएको छ ।

पछिल्लो समयमा खोजकर्ता प्रेम छोटा (२०६२) ले *'प्राथमिककालीन पुराना कवि वीरशाली पन्त'* शीर्षकको कृति सम्पादन गरेका छन् । यस कृतिमा उनले पन्तका साँस्कृतिक इतिहास, जन्मभूमि, कर्मभूमि र प्रकाशित कृतिहरूको सूची तयार गरेका छन् । छोटाले *'विमलबोधानुभव'* (भक्तिकाव्य), *'सरस प्रेमावली'* (भक्तिकाव्य), *'गोपिका स्तुति'* (स्तुतिकाव्य), *'सिद्धान्त विनय'* (भक्तिकाव्य), *'श्रीकृष्ण चरित्र'* (भक्तिकाव्य), *'द्रौपदी विलाप'* (शोककाव्य), *'राजेन्द्र शतक'* (स्तुतिकाव्य), *'ब्रह्मतत्व मिमांसा'* (दर्शन), *'भक्ति स्वरूपम्'* (दर्शन), *'स्वरूप सिद्धान्त मुक्तावली'* (दर्शन) र *'वाणोपनिषद्'* (काव्य) गरी

यी ११ ओटा कृति उनै वीरशाली पन्तका हुन् भन्ने दावी गरेका छन् (पृ. २६) । पन्तको व्यक्तित्व र कृतित्वका आधारमा पनि छोटाको यो दावी यथार्थपरक देखिन्छ । पन्तले लेखेका धेरै ग्रन्थहरू भारतीय विश्वविद्यालयहरूमा रहेका छन् भनिन्छ । तर उनका यी सबै कृतिहरूको समग्र अध्ययन भने भइसकेको छैन ।

पन्तका कृतिहरूमा *'विमलबोधानुभव'* सबैभन्दा बढी चर्चित कृति हो । यस भक्तिकाव्यमा साढे अठासी श्लोकका छओटा तरङ्ग रहेका र यसमा ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, मन, शरीर आदिबाट जड र चेतनको बोध हुन्छ भन्ने भाव व्यक्त गरिएको बुझिन्छ (छोटा, २०६२, पृ. २१) । छोटाले पन्तको भनिएको 'वाणोपनिषद्' (काव्य) गुल्मी तम्घासका शशिधर पन्थीसँग रहेको छ भन्ने बुझिएको तर्क राखेका छन् । आफ्ना भनाइलाई पुष्टि गर्न उनले बालकृष्ण नेभा, शास्त्रदत्त पन्त, ठाकुर पराजुली, बाबुराम आचार्य, बालकृष्ण पोखरेल, स्वामी प्रपन्नाचार्य, कमलदीक्षित, टीकाराम बाँस्तोला, चूडामणि बन्धु, पूर्णप्रकाश यात्री, ओमकारप्रसाद गौचन, गोपालप्रसाद भण्डारी, मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइँटेलगायतका समीक्षकहरूको धारणालाई समेत समीक्षाको आधार बनाएका छन् ।

वीरशाली पन्तका विषयमा धेरैले कलम चलाए पनि प्राप्त भएका सबै सामग्रीहरू उनैका हुन् भन्ने ठोस प्रमाणहरू भने प्राप्त भएका छैनन् । पन्तका जेजति सामग्रीहरु प्राप्त भएका छन् ती सबै कृतिहरु नेपाली साहित्यको प्राथमिककालीन कृष्णभक्तिका काव्य प्रवृत्तिसँग सम्बन्धित रहेका छन् । विद्वान् शास्त्रदत्त पन्त (२०६४) का अनुसार वीरशाली पन्त बगलुङको गैरागाउँ निवासी महेश्वर पन्तका नाति र दयाराम पन्तका एकल पुत्र हुन् । उनी विवाह नगरी ब्रह्मचारी रहेको र पछि सन्यास लिएको बुझिन्छ (पन्त, २०६४, पृ. १८१) । छोटाको खोजमूलक अध्ययनअनुसार पनि वीरशाली पन्तको जन्मस्थल बागलुङको गैरागाउँ ढिकीचौरमा भएको भन्ने बुझिन्छ । तर उनको जन्मठाउँ, जन्ममिति र प्रकाशित कृतिहरूका विषयमा ठोस प्रमाणहरू भने भेटिदैनन् । केही प्रमाणहरू जुटाउने प्रयास यहाँ गरिएको छ ।

## अध्ययनविधि र सामग्री

यो लेख प्राथमिककालीन भक्ति धाराका कवि वीरशाली पन्तको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित छ । उनले नेपाली र संस्कृत भाषामा गरी थुप्रै कृतिहरू लेखेका छन् भन्ने जनविश्वास रहेको छ । वीरशाली पन्तका भनिएका अधिकांश काव्य-कृतिहरू भक्तिभाव वा भक्तिरस र विविध छन्दमा लेखिएका छन् । उनले लेखेका हुन् भनिएका कृतिहरूमा *'विमलबोधानुभव',* (भक्तिकाव्य), *'सरस प्रेमावली* (भक्तिकाव्य), *'गोपिका स्तुति'* (स्तुतिकाव्य), *'सिद्धान्त विनय'* (भक्तिकाव्य), *'श्रीकृष्ण चरित्र'* (भक्तिकाव्य), *'द्रौपदी विलाप',* (शोककाव्य), *'राजेन्द्र शतक'* (स्तुतिकाव्य), *'ब्रह्मतत्व मिमांसा'* (दर्शन),*'भक्ति स्वरूपम्'* (दर्शन), *'स्वरूप सिद्धान्त' 'मुक्तावली'* (दर्शन) र *'वाणोपनिषद्'* (काव्य) रहेका छन् । यी कृतिहरूलाई प्राथमिककालीन भक्तिधाराका काव्य मानिएको छ । तर यी कृतिहरू कहिले प्रकाशित भए र कहाँ सुरक्षित छन् भन्ने ठोस प्रमाणहरू भेटिदैनन् ।

यो लेख तयार गर्नका लागि प्राथमिक तथा द्वितीयक दुवै स्रोतका स्रामग्रीहरू उपयोग गरिएको छ । प्राथमिक स्रोतका सामग्रीहरू सङ्कलन गर्ने क्रममा पन्तका विषयमा जानकार व्यक्तिसँग औपचारिक, अनौपचारिक र टेलिफोन सम्पर्कबाट प्राप्त जानकारीलाई समेटिएको छ । यसमा स्वज्ञान, स्थलगत अवलोकन, छलफल र अन्तर्वार्ताका माध्यमबाट प्राप्त सूचनालाई समेत अध्ययनको आधार बनाइएको छ । त्यसैगरी द्वितीयक स्रोतका सामग्रीहरूमा पुस्तकालयीय अध्ययनबाट प्राप्त सामग्रीलाई अध्ययनको विषय बनाइएको छ । चर्चामा रहेका कृतिहरू वीरशाली पन्तकै हुन् भनी प्रत्यक्ष वा परोक्ष रुपमा स्वीकार गर्ने समीक्षकहरूमा तारानाथ शर्मा (२०२१), जगदीशचन्द्र रेग्मी (२०२३), केशवप्रसाद उपाध्याय (२०२६), उदयराज पन्त (२०२८), कमलमणि दीक्षित (२०२८), बालकृष्ण पोखरेल (२०३२), मोहनराज शर्मा (२०३४), बाबुराम आचार्य (२०३५), काजी रोशन (२०३५), दयाराम श्रेष्ठ (२०३८), मोहनराज शर्मा र दयाराम श्रेष्ठ (२०४६), स्वामी प्रपन्नाचार्य (२०५१), गोपालप्रसाद भण्डारी (२०५३), प्रेम छोटा (२०५५, २०६२), मोहनराज शर्मा (२०६०), खगेन्द्रप्रसाद लुइँटेल (२०६०), शास्त्रदत्त पन्त (२०६४)

लगायत धेरै समीक्षकले आफ्ना कृतिमा वीरशाली पन्तका कृतिहरूको नाम उल्लेख गरी समीक्षा गरेका छन् । यिनै समीक्षित कृतिका आधारमा उनको व्यक्तित्व र कृतित्वलाई अध्ययनको विषय बनाइएको छ । उद्देश्यमूलक यादृच्छिक नमुना छनोट विधिका आधारमा वीरशाली पन्तलाई अध्ययनको विषय छनोट गरिएका हो । यही अध्ययनबाट वीरशाली पन्त बागलुङ जिल्लाको ढिकीचौर निवासी सन्त व्यक्तित्व हुन् र उनका सबै कृति भक्तिभावमा आधारित छन् भन्ने निष्कर्ष निकालिएको छ । तर यी सबै कृति कहिले प्रकाशित भए र कहाँ छन् भन्ने ठोस आधार भने प्राप्त भएका छैनन् ।

## छलफल र नतिजा

धवलागिरि क्षेत्रलाई पृष्ठाधार बनाएर लेखिएका प्राथमिककालीन साहित्यको खोजी गर्दै जाँदा वीरशाली पन्त यस क्षेत्र (बागलुङ मूलपानी) का प्रेमनिधि पन्तपछिका महाकवि हुन् । नेपालका प्राथमिककालीन कविहरूको पङ्क्तिमा उनको नाम निक्कै चर्चामा आउँछ । लक्ष्मीदत्त पन्त 'इन्दु' लाई कतै वीरशाली पन्तपूर्व नै कुमाउँतिरबाट आएर म्याग्दीको दानामा बसी पुराण, धर्मशास्त्र र तन्त्रशास्त्रका ग्रन्थ लेखन कार्य गरेका थिए पनि भनिएको छ भने कतै बनारसमा बसेर मोतीमण्डलीमा समावेश भएका थिए भनिएको छ । *'भ्रमर चम्पक संवाद', 'दक्षिणकालीका स्तुति', 'वैराग्य दर्पण'* र *'मोतीराम भट्टको जीवनी'* उनै इन्दुले लेखेका हुन् भनिएको छ (पौड्याल, २०८०, पृ. ४) । उनी जोजहाँका भए पनि धवलागिरि क्षेत्रको साहित्यिक योगदान पुऱ्याउने व्यक्तिहरूमध्ये प्रेमनिधि पन्त, वीरशाली पन्त, लक्ष्मीदत्त र सुकीर्तिदत्त पन्त यस क्षेत्रका साहित्यिक नक्षत्र हुन् । यी कविहरूको समष्टिगत अध्ययनबाट पनि वीरशाली पन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सहयोग पुग्छ ।

वीरशाली पन्तको जन्मस्थान र जन्ममितिका विषयमा विभिन्न तर्कहरू पाइन्छन् । पुराना समीक्षकहरू (स्वामी प्रपन्नाचार्य, शास्त्रदत्त पन्त, प्रेम छोटालगायत) ले वीरशाली पन्तको जन्मस्थान बागलुङको गैरागाउँलाई नै किटान गरेका छन् । तर उनको पारिवारिक पृष्ठभूमिको स्थलगत अध्ययन गर्दा उनी मुलपानी ढिकीचौरको पन्त परिवारमा जन्मिएको बुझिन्छ । उनी गैरागाउँ वा ढिकीचौर जहाँ जन्मिए पनि यी दुवै एउटै वडाका पन्तहरूकै दुईओटा वस्ती हुन् । उनको पारिवारिक स्रोतका अनुसार वीरशाली पन्त ढिकीचौरमै जन्मिएको बुझिन्छ ।

वीरशाली पन्तले नेपाली र संस्कृत दुवै भाषामा कविता र महाकाव्य लेखेका थिए । उनलाई नेपाली साहित्यको इतिहासमा प्राथमिककालीन कवि तथा भानुभक्तभन्दा पुराना कविका नामले चिनिन्छ । उनका विषयमा धेरै समीक्षकले चर्चा गरे पनि उनका ठोस कृतिहरू, जन्मगाउँ र तिथिमितिका विषयमा एउटै भनाइ पाउन सकिन्न । उनका विषयमा अनेक विरोधाभास भनाइहरू पाइन्छन् । उनका सबै कृति कहिले प्रकाशित भए र अहिले ती कृतिहरू कहाँ छन् भन्ने ठोस आधार पनि भेटिएका छैनन् ।

वीरशाली पन्त बागलुङको धर्तीले जन्माएका कर्मठ युगपुरुष हुन् । उनीलगायत बागलुङवासी पन्त परिवारको नेपाली भाषासाहित्यको श्रीवृद्धिमा ठूलो योगदान रहेको देखिन्छ । उनीहरूको बागलुङमा आगमनको स्रोत कुर्माञ्चल अर्थात् कुमाउँगढवालतिरैबाट भएको हो । वीरशाली पन्तका पुर्खाहरू पनि उतैबाट आएका हुन् । प्रेम छोटा (२०६२, पृ. ६५) ले तयार गरेको पन्त परिवारको वंशलतामा भगी पन्तको शाखाअन्तर्गत हरिदत्त, रघुनाथ, रामेश्व, भगीरथ हुँदै गौरेश्वर पन्तका कान्छा छोरा महेश्वर पन्त भएको र उनै महेश्वर पन्तका काहिला छोरा दयारम पन्तका एकल छोरा वीरशाली पन्त भएको देखिन्छ । यस वंशलतामा वीरशाली पन्तका कनिष्ठ काका हर्षदेव पन्त भएको समेत भेटिन्छ ।

शास्त्रदत्त पन्तको भनाइअनुसार हरि पन्तका छोरा रघु पन्त, रघुका छोरा रामेश्वर पन्त, रामेश्वरका छोरा गौरीश्वर पन्त, गौरीश्वरका छोरा महेश्वर पन्त र उनै महेश्वरका पाँच भाइ छोराहरूमध्येका काहिला छोरा दयाराम पन्तका एकल पुत्र वीरशाली हुन् । उनी विवाह नगरी ब्रह्मचारी रहेका र पछि सन्यास लिएका थिए भन्ने राय शास्त्रदत्त पन्त (२०६४, पृ. १८१) को छ । प्रेम छोटा र शास्त्रदत्त पन्त दुवैका भनाइमा वीरशाली पन्त महेश्वर पन्तका नाति र दयाराम पन्तका छोरा भएको देखिन्छ । तर सबै पन्तहरूले यो भनाइलाई स्वीकार गरेको पाइँदैन ।

पन्तहरूको वंशावलीलगायत धेरैका भनाइमा वीरशाली पन्त बालब्रह्मचारी र निःसन्तान थिए भन्ने नै छ । उनका निकट पारिवारिक स्रोत (ज्ञानेन्द्र पन्त, व्यक्तिगत संवाद, २०८२ फागुन २८) का अनुसार दयाराम पन्तका दुई भाइ छोरामध्ये एउटा जमदग्नी र अर्का वीरशाली पन्त हुन् । वीरशाली पन्त निःसन्तान थिए भने जमदग्नीका दुई भाइ छोराहरूमा एउटा हरिप्रसाद पन्त र अर्का रामप्रसाद पन्त थिए । उनै हरिप्रसादका छोरा मेघराज पन्त (जन्म १९४९) का पाँच भाइ छोराहरूमा उदयराज, उपेन्द्र, देवेन्द्र, सोमेन्द्र र ज्ञानेन्द्र पन्त हुन् । ज्ञानेन्द्र पन्तका आफ्नै नभए पनि जिजुबाजे नाताभित्र पर्ने व्यक्ति वीरशाली पन्त हुन् । वीरशाली पन्तले आफ्नो अंशको खेतमा नुन छरेर सन्यास लिएका थिए रे भन्ने भनाइ पनि मेघराज पाण्डेय (व्यक्तिगत संवाद, २०८२ फागुन २८) लगायतका मुलपानीबासी पुराना बुढापाकाहरूको भनाइ छ । ज्ञानेन्द्र पन्तसँग सुरक्षित रहेको एउटा तिर्जा (लिखत) मा उल्लेख गरिएको छ :

> उप्रान्त गरि धवरक -ऋणनिधान् प्रभु तस्को साध पूर्वदक्षिण रुहानीको किपट पश्चिम येसैको दक्षिण उत्तर हामीकै किपटको साध येति ४ किल्ला भित्रको कार्किकोट् ज्यामीरे भन्ने षेतमुरी ।५० अघि १८७७ साल्मा मेरा वाज्ये विरसालीका नाउमा परवत्का राजा तषत्मा छदै थैली मोरु ३५० लि रजवाधा दीयाकाले वाज्ये छंज्याल् वाज्येले र वाज्येका सेषपछी हांरा वावु हामीले स्मेत् भोग गरी आयाको तेस्तैमा (विश्वनाथ रेग्मी, तिर्जा अनुवादकमा सहयोग, २०८२ चैत्र ०८) ।

यस तिर्जामा कुनै छाप वा लालमोहन नभए पनि यसबाट वीरशाली पन्तले पवर्त राज्यबाट प्राप्त गरेको खेत उनैका सन्तानले भोग गर्दै आएका रहेछन् भन्ने बुझिन्छ ।

वीरशाली पन्त बागलुङको ढिकीचौरमा जन्मेर हुर्केका हुन् भन्ने विषयमा दुई मत छैन । तर टुकराज मिश्रलगायत कतिपय समीक्षले वीरशाली पन्तको जन्मस्थान (बागलुङ) का विषयमा प्रश्न उठाएका पनि छन् (छोटा, २०८२, पृ. १९) । पन्तका प्रकाशित कृतिहरू पनि कहिले लेखिए ? कहाँ संरक्षित छन् र कहिले प्रकाशनमा आए भन्ने विषयमा पनि एकै मत पाइँदैन । उनी बागलुङमा जन्मे पनि उनको कर्मक्षेत्र र कृतिहरूका विषयमा एउटै भनाइ पाइँदैनन् । कमल दीक्षित (२०३४) ले वीरशाली पन्त वि.सं. १८६० तिर जन्मेका हुन् भन्ने दावी गरेका छन् भने शास्त्रदत्त पन्तले उनी वि.सं. १८७६ मा जन्मेको दावी गरेका छन् (छोटा, २०६२, पृ. २०) । यी दुवैको भनाइको खण्डन गर्दै छोटाले मेघराज पन्त र उदयराज पन्तको भनाइलाई समेत उद्धृत गरेर वीरशाली पन्तको जन्म वि.सं. १८४९ तिर गैरागाउँ ढिकीचौरमा नै भएको उल्लेख गरेका छन् । यी भनाइ पनि कुनै तथ्यमा आधारित देखिदैनन् । प्रायः समीक्षकहरूले मेघराज पन्तको मौखिक भनाइलाई आधार बनाइ वीरशाली पन्तका कृतिहरूको नाम उल्लेख गरेको पाइन्छ ।

प्रेम छोटा (२०६२) ले वीरशाली पन्तको जन्म वि.सं. १८४९ गैरागाउँ ढिकीचौरमा नै भएको हो भन्ने पुष्टि गर्न ओमकारप्रसाद गौचनसँग सुरक्षित रहेको एउटा तमसुकमा दयाराम पन्थले लिएको ऋण उनै वीरशाली पन्तले तिरिदिएको प्रमाण समेत पेस गरेका छन् :

> स्वस्ति श्री संवत् १८७७ साल मिति चैत्र वदि रोज २ लिखित सानु पाध्या लामगाद्यामा आगे दयाराम पंथले हाम्रा रूपञा १०० ऋण लियाका हुन् वीरशाली पंडितले तिऱ्या मैले भरि पाञा फविती लेखी दिञा एस वातका साक्षी त्रिलोचन लोहनी जगन्नाथ कडरिया हरिवंश गोताम्या रंध्या लामगाद्या शुभम् । (पृ. २१)

बाबु दयाराम पंथको ऋण छोरा वीरशाली पन्तले तिरेका हुन् भन्ने भनाइ स्वभाविकै देखिए पनि तमसुक बनाएर बाबुको ऋण तिरेका थिए भन्ने भनाइ पनि त्यति सान्दर्भिक देखिदैन । शास्त्रदत्तको वंशावली, ज्ञानेन्द्र पन्तको मौखिक भनाइ र यो तमसुकको भनाइअनुसार पनि वीरशाली पन्तका बाबु दयाराम पन्त भएको बुझिन्छ । अझैसम्म पनि आफू वीरशाली पन्तको सन्तान भएको दाबी कसैले गरेको पाइँदैन ।

वीरशाली पन्तका अप्रमाणित तर अनुसन्धानको गर्भमा रहेका केही नयाँ विषयहरू पनि यहाँ चर्चाको विषय बनाइएको छ । वीरशाली पन्त बालब्रह्मचारी थिए; उनी आँसु कवि थिए; कवितामै

सवालजवाफ गर्नसक्थे; विवाहको सिलोक प्रतियोगिता (जन्ती र माइतीबीच) मा सधैँ विजयी हुन्थे; उनले जातपात र छुवाछुत मान्दैन्थे; जन्म घर गैरगाउँ भए पनि कालिकादेवीको मन्दिर नजिकै पर्ने खुन्द्रुके (मालढुङ्गा) माईकुटीको आश्रममा बस्थे; माईकुटीमा होइन आश्रम नजिकै ओढारमा बस्थे; उनी वैष्णव मार्गी थिए; जीवनको उत्तरार्द्धमा सांसारिक मोहबाट सन्यास लिई शेष जीवन भारतको वृन्दावनमा व्यतीत गरेका हुन् भन्ने भनाइहरू पनि सुन्न र पढ्न पाइन्छन् (रोशन, २०३४ र छोटा, २०६२) । वीरशाली पन्तको व्यक्तित्व र कृतित्वका विषयमा धेरैले धेरै विषयमा चर्चा गरे पनि उनका ठोस कृतिका ठोस प्रमाणहरू भने पाइँदैनन् ।

वीरशाली पन्तको समग्र जीवनी प्राप्त नभए पनि उनी बागलुङमा जन्मेर जीवनको उत्तराद्धतिर भारतको वृन्दावनमा व्यतीत गरेका हुन् भन्ने भनाइ सान्दर्भिक नै देखिन्छ। वीरशाली पन्त बागलुङका हुन् भन्ने प्रमाणहरू विभिन्न ऐतिहासिक अभिलेखहरूमा पनि उनको नाम जोडिएको पाइन्छ । एउटा पुरानो अभिलेखमा भनिएको छ (छोटा, २०६२, पृ. ५५) :

> स्वस्ति श्री सम्वत् १८९५ साल मिति माघ बदि ५ रोज ५ मा लिखितं वीरशाली पंडित् आगे गावको घडेरीको बारी हाम्रो अंश श्री काकाज्यू हर्षदेव पन्तलाई को --३-- को जफती छंज्याल् दस्तुर तिरि चलन गर्नु कोही दिनमा विन्ति फिराया भन्या पनी --५-- दक्षिणा भनि चरणकमलमा ५ रह्‌य्या येश वातका साक्षी कीतिधरपन्त कपिलमुनी पन्त लेषक साक्षी श्रीधरपन्त ।

यो अभिलेखबाट वीरशाली पन्तले भागचलन गरेको घरघडेरी पर्वत राज्यको राजपरिवारबाट दक्षिणा स्वरूप प्राप्त गरेको र उक्त जमिन पछि काका हर्षदेव पन्तलाई सुम्पेको देखिन्छ । पन्त वंशावलीमा पनि वीरशाली पन्तका काका हर्षदेव पन्त भएको उल्लेख छ ।

बागलुङ माल कार्यालयमा रहेको भनिएको एक अभिलेखमा वीरशाली पन्तले कार्कीकोटको अधीनमा रहको गुठी जमिन राज्यलाई पैसा तिरेर भोग गरेको देखिन्छ । राजा राजेन्द्रविक्रम शाहले थमौती गरेको अभिलेखमा भनिएको छ :

> आगे वीरशाली पंत पण्डितके अघि पर्वतका राजा तषतमा छंदै तिम्रा १०५ एकसये पांच लिई कार्कीकोटका अम्वलमा लामामेलो खेत मुरि । १० औ कुडुल्या षेत मुरी । १५ जम्मा षेत मुरि ।२५ तस्का लगा स्मेत वाधा दियाको रहेछ ५२ सालमा जसोधर पंत तेवारी दलेलसिं वषेतिले जाचि बुझी अवल दरका षेत ठहराई नौषुटको दर वाधि कट्टि गरि अघि षाएको मध्ये षेत मुरि ।१३ बढता झिकि अघिकै १०५ रुपैयांमध्ये थामिदियाको आजसम्म लगा समेत तिमीले षाई बेहोरि आयाको बाधा कार्किकोटको अम्वलमा लामामेलो षेत मुरि ।१० मध्ये पैरो षेत मुरि । ७ बांकि षेत मुरि ।३ तस्को लगा स्मेतको सांध पूर्व पुरानु रैकर षोल्सो दक्षीण रेग्मीको जफदि पछिम डहर उत्तर जसोधन पाध्याको जफदिको सांध यति ४ किल्लाभित्रको घैयाको विज पाथी ।१० जाने कुडुल्याको षेत मुरि ।२ समेत थामि वाधाको मोहर गरिबक्स्यौं आफ्नो षातिरज्मासंग वाधा जानि भोग गर जहिया दाम देगो तहिया माटो लेगो संवत् १८७८ साल वैशाख सुदि १ रोज ७ शुभम् । (श्रेष्ठ, २०५९, पृ. २४१)

बागलुङ मालपोत कार्यालयमा सुरक्षित यो सक्कल अभिलेखअनुसार पनि वीरशाली पन्तका उत्तराधिकारीले भोग चलन गरेको जमिन कार्कीकोटकै गुठीबाट पर्वते राजाले पैसा लिएर बिर्ता दिएको बुझिन्छ । यस अभिलेखबाट पनि वीरशाली पन्त बागलुङ निवासी पण्डित हुन् भन्ने पुष्टि हुन्छ । माथिका दुवै अभिलेखबाट वीरशाली पन्तले भोगचलन गरेको जमिन पर्वत राज्यअन्तर्गत पर्ने कार्कीकोट गुठीको जमिन पन्तले दक्षिणा वा बिर्ता प्राप्त गरेको बुझिन्छ ।

पर्वत राज्यका अन्तिम राजा कीर्तिबम मल्ल (१८१९-१८४३) हुन् । उनी विद्वान्, उदार, दानी, शुरवीर, कुटनीतिज्ञ र दूरदर्शी राजा थिए भनिन्छ (थापा र सिलवाल, २०८२, पृ. ४४) । उनै कीर्तिबम मल्लका दरबारिया पण्डित वीरशाली पन्त थिए भनिएको छ । वीरशाली पन्तले प्राप्त गरेको खेतबारी समेत पर्वत राज्यको मुख्य प्रशासनिक एकाइ मानिने कार्किकोटको गुठी जमिन भएको उल्लेख

हुनुले पनि उनको जन्म वि.सं. १८४३ भन्दा पहिले नै भएको थियो भन्ने विषय सहजै अनुमान गर्नसकिन्छ। इतिहासका पुस्तकमा पनि कीर्तिबम मल्लले बागलुङ ढिकीचौर निवासी वीरशाली पन्तलाई दरबारिया पण्डित बनाएका थिए । उनै पन्तले १२ सय श्लोकको *'कृष्ण चरित्र',* र *'सिद्धान्त विनय', 'सरस प्रभावती', 'विमलाबोध'* आदि शीर्षकका ग्रन्थहरू तयार गरेका थिए (बानियाँ, २०७९, पृ. ५५) भनिएको छ । यी भनाइबाट पनि वीरशाली पन्त बागलुङ ढिकीचौरका भएको र उनी पर्वत राज्यका दरबारिया पण्डित थिए भन्ने प्रमाण जुटाउन सकिन्छ । पर्वत राज्यको पतनसँगै पन्त पनि सन्यासी जीवन विताउन थालेको देखिन्छ ।

समग्रमा पन्तहरूको बसाइँ सराइको इतिहासलाई हेर्दा पन्तहरू प्रथम चरणमा ककेसियाबाट दोस्रो चरणमा सिन्ध (महाराष्ट्र) राज्यमा; तेस्रो चरणमा दक्षिण भारत; चौथो चरणमा उत्तराञ्चलमा पर्ने कुमाउँ, गढवालमा र पाचौँ चरणमा कुमाउँबाट मुक्तिनाथको दर्शन गर्ने क्रममा तत्कालीन पर्वत राज्यका राजाको सम्पर्कमा आएपछि बागलुङको गैरागाउँमा बसोबास गर्न थालेको बुझिन्छ (पन्त, २०६४, पृ. ५९–६४) । यिनै सिन्ध घाँटीबाट आएका ब्राह्मणहरूलाई दक्षिण भारतमा आइपुग्दा हिन्दु भनिएको हो भन्ने भूपनिधि पन्तको तर्क छ । बागलुङका पन्तहरूका विषयमा भूपनिधिको भनाइ यस प्रकार रहेको छ :

> नेपालको एकीकरण हुनुभन्दा अघि नै हाम्रा पिता-पूर्खाहरू तीर्थयात्रीको रुपमा वा आफ्नो धर्मको प्रतिरक्ष गर्ने सिलसिलामा वर्तमान नेपालको मध्यभाग पाल्पा हुँदै मुक्तिनाथलाई लक्ष्य गरेर पवित्र कृष्णगण्डकीको किनारकिनारै बागलुङमा प्रवेश गरेको पाइन्छ । तत्कालीन मल्ल राजाहरूको आग्रह र अनुरोधमा सर्वप्रथम पन्तहरूले बागलुङको गैरगाउँमा बसोबास गरेको अभिलेख हामीले पाएका छौँ । उक्त वंशका पुर्खाहरूमा पण्डित वीरशाली पन्त, प्रेमनिधि पन्त र सुकृतिदत्त पन्तको नाम संस्कृत एवं नेपाली भाषा र साहित्यको क्षेत्रमा सम्मानपूर्वक लिइने गरेको छ । (पन्त, २०६४, पृ. घ)

पन्तहरूको वंशावलीबाट पनि वीरशाली पन्त बागलुङको ढिकीचौरमा बसोबास गर्दै आएका संस्कृत र नेपाली भाषासाहित्यका सम्मानित व्यक्ति हुन् भन्ने देखिन्छ । नेपाली साहित्यको विकासमा वीरशाली पन्तले अमूल्य योगदान पुऱ्याएका छन् । तर नेपाली साहित्यको इतिहासले वीरशाली पन्तको जन्म, मृत्यु र कृतिहरुका सम्बन्धमा अहिलेसम्म ठोस आधार दिनसकेको छैन ।

उनका विषयमा अध्ययन र थप अनुसन्धान गर्ने उद्देश्यका साथ बागलुङ नगरपालिकाले रु. पाँच लाखको 'वीरशाली पन्त स्मृति कोष' स्थापना गरेको छ । यस क्षेत्रमा नामसँग निधि, दत्त, प्रसाद, राजजस्ता मध्य नाम भएका व्यक्तिहरु अनेक पाइए पनि नामसँगै 'शाली' मध्य नाम जोडिएका कवि उनै वीरशाली पन्तमात्रै हुन् । वीरशाली नाम नेपाली साहित्यको इतिहासमा मात्रै होइन बागलुङका पन्तहरूको वंशावलीमा र पर्वत राज्यकालीन पुराना अभिलेखहरूमा पनि यत्रतत्र भेटिन्छ । तसर्थ वीरशाली पन्त बागलुङको ढिकीचौर निवासी दरबारिया पण्डित तथा काव्य प्रतिभा भएका आद्यात्मिक व्यक्ति हुन् । उनको जन्म वि.सं. १८४३ पूर्व नै भएको थियो ।

## निष्कर्ष

वीरशाली पन्त नेपाली साहित्यको इतिहासमा प्राथमिक कालको उत्तरार्ध चरणअन्तर्गत कृष्णभक्ति धाराका कवि हुन् । उनको जन्मका विषयमा ठोस तिथिमिति पाइँदैन । विभिन्न समीक्षकको भनाइमा कतै वि.सं. १८४९, कतै १८६० तिर र कतै वि.सं. १८७६ उल्लेख भएको पाइन्छ । उनी पर्वत राज्यका अन्तिम राजा कीतिबम मल्ल (१८४३) का दरबारिय पण्डित थिए भनिन्छ । यस भनाइअनुसार उनको जन्म वि.सं. १८४३ पूर्व नै भएको थियो भन्न सकिन्छ । उनले भोगचलन गरेको जग्गाजमिन पनि पर्वत राज्यबाटै बिर्ता स्वरूप पाएको देखिन्छ । बागलुङ मालपोत कार्यालयमा रहेको अभिलेखअनुसार वीरशाली पन्तले कार्कीकोटको अधीनमा रहेको गुठी जमिन राज्यलाई कर तिरेर संवत १८७८ मा भोगचलन गरेको देखिनु र एउटा अभिलेखमा उनले आफैँ वि.सं. १८९५ मा आफ्नो पैतृक

सम्पत्ति काका हर्षनाथलाई बुझाएको प्रमाण भेटिनुले पनि उनको जन्म थप रहस्यमय बन्न पुगेको छ । पन्तले एक दर्जनभन्दा बढी कृतिहरू लेखेका छन् भनिए पनि उनको शिखरिणी छन्दमा लेखिएको साढे अठासी श्लोकको हस्तलिखित ग्रन्थ *'विमलबोधानुभव'* उनको मौलिक कृति भएको पुष्टि गर्नसकिने आधारहरू प्राप्त भएका छन् ।

पन्तका विषयमा बाबुराम आचार्य, वीरेन्द्रकेशरी, कमल दीक्षित, सूर्यविक्रम ज्ञवाली, राजाराम सुवेदी, शास्त्रदत्त पन्त, बालकृष्ण सम, काजीरोशन, प्रेम छोटालगायतका धेरै अध्यताले सामान्य परिचय दिएका छन् । ऐतिहासिक अभिलेखहरू, समीक्षकहरूको भनाइ र पन्तका अंशियारहरूको भनाइअनुसार वीरशाली पन्त बागलुङको ढिकीचौर निवासी आध्यात्मिक व्यक्तित्व हुन् । उनी धवलागिरि क्षेत्रका अग्रज कवि तथा पण्डित पनि हुन् । उनी बालब्रह्मचारी थिए; कार्कीकोटको अम्वल खेत भोगचलन गर्थे; आफ्नो स्वआर्जित सम्पत्तिको केही अंशमा नुन छरेर सार्वजनिक गरेको र केही अंशको स्वामित्व काकालाई हस्तान्तरण गरी उनले जीवनको उत्तरार्द्ध चरणतिर भारतको वृन्दावनमा व्यतीत गरे भन्ने तथ्य प्राप्त भएको छ। उनले गुल्मी रेसुङ्गाका स्वामी शशिधरको सङ्गतबाट ज्ञान प्राप्त गरेका थिए । उनी बालब्रह्मचारी थिए र जीवनको उत्तरार्धमा भारतको वृन्दावनमा बसोबास गर्थे भनिन्छ । तर उनका समग्र विषयमा तथ्यपरक अनुसन्धान नगरेसम्म यही हो भन्नसक्ने अवस्था देखिदैन । उनको जीवनी, व्यक्तित्व र कृतित्व अनुसन्धानका लागि नयाँ विषय बन्न सक्छ । यस अध्ययनमा वीरशाली पन्त बागलुङ जिल्लाको मुलपानी ढिकीचौर निवासी सन्त व्यक्तित्व हुन्; उनी वैष्णव मार्गी थिए; उनका सबै कृतिहरू भक्तिभावमा आधारित छन् र उनको जन्म मिति अनुसन्धानको गर्भमा छ भन्ने निष्कर्ष निकालिएको छ ।

वीरशाली पन्त नेपाली साहित्यका शिखर पुरुष हुँदाहुँदै पनि अपेक्षित रूपमा उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको समष्टिगत अध्ययन हुनसकेको छैन । उनका कृतिहरूले तत्कालीन सामाजिक यथार्थ, सांस्कृतिक चेतना तथा मानवीय संवेदनालाई सशक्त रूपमा अभिव्यक्त गरेका छन् भन्ने बुझिन्छ तर ती कृतिहरूको संरक्षण, प्रकाशन र प्रचार-प्रसारको अभावका कारण व्यापक पाठकवर्गसम्म पुग्न सकेका छैनन् । तसर्थ वीरशाली पन्तका कृतिहरूको खोज, सङ्कलन, संरक्षण र पुनः प्रकाशन गर्नु अति आवश्यक देखिन्छ। साथै उनका समग्र कृतिहरूको समुचित अध्ययन-अनुसन्धान तथा समालोचनात्मक मूल्याङ्कन गरी नेपाली साहित्यमा उनको स्थान सुनिश्चित गर्नुपर्ने आवश्यकता पनि उत्तिकै महत्त्वपूर्ण छ । पन्तको योगदानको समुचित मूल्याङ्कनबाट नेपाली साहित्यको इतिहास पनि अझ समृद्ध र पूर्ण बन्न सक्छ ।

**Ethical approval for the research:** Not applicable

Consent for publication: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

## सन्दर्भसामग्री सूची

आचार्य, बाबुराम (२०२९), *श्रीकृष्ण चरित्र,* पुराना कवि र कविता, साझा प्रकाशन ।

छोटा, प्रेम (सम्पा. २०५५), *धौलागिरीका कवि र कविता,* अमृतप्रसाद शेरचन, सुनिल फ्लोरिड सेन्टर ।

छोटा, प्रेम (सम्पा. २०६२), *प्राथमिककालीन पुराना कवि वीरशाली पन्त,* विद्यार्थी पुस्तक भण्डार ।

थापा, दिनबहादुर (२०६६), *धौलागिरीका लोकगीतको पहिचान : झाम्रेगीत,* दीअ प्रकाशन रत्नश्रेष्ठ पुरस्कार गुठी ।

थापा, दिनबहादुर (२०७९), धवलागिरिको साहित्यिक इतिहाससँग जोडिएका सन्दर्भहरू, *प्रज्ञा-सारथि, २२*(२१), १-१०, 10.3126/ps.v21i1.59647.

थापा, दिनबहादुर (२०८१ फागुन १०), *धौलागिरी साहित्यि विमर्श कार्यक्रम,* (गोष्ठीमा प्रस्तुत विमर्श पत्र), गण्डकी प्रज्ञा प्रतिष्ठान, कास्की (समन्वय) र पर्वत साहित्य सङ्गम पर्वत (आयोजक) ।

थापा र सिलवाल (२०८२), *माईथान (कालिका भगवनी मन्दिर),* बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समिति ।

दीक्षित, कमल (२०५०), *बुइँगल* (तेस्रो संस्क.), साझा प्रकाशन ।

पौड्याल, षडानन्द (२०७६), *धौलागिरीको नेपाली साहित्य,* पर्वत साहित्य सङ्गम ।

पौड्याल, षडानन्द (२०८० बैशाख १६), *धौलागिरीका कवि र कविता,* (गोष्ठीमामा प्रस्तुत विमर्श पत्र), गण्डकी प्रज्ञा प्रतिष्ठान, कास्की (समन्वय) र पर्वत साहित्य सङ्गम पर्वत (आयोजक) ।

प्रपन्नाचार्य, स्वामी (सम्पा. २०५१), *कार्तवीर्योदयमहाकाव्य,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पन्त, भूपनिधि (२०६४), अधिवक्ता भूपनिधि पन्तको मन्तव्य, *नेपालका पन्तहरूको इतिहास,* ग्रामीण विकास प्रतिष्ठान ।

पन्त, शास्त्रदत्त (२०६४), *नेपालका पन्तहरूको इतिहास,* ग्रामीण विकास प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण (२०३२), वीरशाली पन्त, *नेपाली भाषा र साहित्य* (तेस्रो संस्क.), रत्नपुस्तक भण्डार, ११६–१२२ ।

बानियाँ, चन्द्रप्रकाश (२०७९), *चौबीसी राज्य पवर्त, शिलान्यास (विस्तार, विभाजन र विस्थापन),* शिखा बुक्स ।

भण्डारी, गोपालप्रसाद (२०५३), *प्राग्भानुभक्तीय नेपाली काव्य,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

रोशन, काजी (२०३५), *मानसरोवरमा डुबुल्की मार्दा,* साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), *कविता र नेपाली कविताको इतिहास,* नेपाल राजकीय प्रज्ञाप्रतष्ठान ।

शर्मा, मोहनराज (२०६०), प्राथमिक कालका नेपाली पद्य, *नेपाली साहित्यको इतिहास,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम (२०४६), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास* (तेस्रो संस्क.), साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०३८), *प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा,* पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ।

## About the Author

Din Bahadur Thapa, PhD, is a Professor of Nepali language at Tribhuvan University, Nepal. He has got PhD in Sociolinguistics in Nepali Language from TU, Nepal. His focal area of study is socio-linguistics and Nepali Folklore.